अनुसूची-३

# गंगाजमुना गाउँपालिका

## आर्थिक ऐन, २०७६

गंगाजमुना गाउँपालिका

फुलखर्क, धादिङ

३ नं. प्रदेश, नेपाल

गंगाजमुनागाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६

**प्रस्तावनाः**

गंगाजमुना गाउँपालिकाको आर्थिक बर्ष ०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गंगाजमुना गाउँपालिका, धादिङको पाँचौंगाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६ " रहनेछ ।

(२) यो ऐन २०७६ साउन १ गतेदेखि गंगाजमुना गाउँपालिका धादिङको क्षेत्रमा लागु हुनेछ ।

**२.सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) मा उल्लेखित दरमा एकीकृत सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

**३ः भूमीकर ( मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) मा उल्लेखित दरमा भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ । एकिकृत सम्पति कर लगाउनु पर्ने अवस्थामा आवश्यक प्रकृया पुरा गरी सोहि कर लगाइने छ ।

**४.घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३)मा उल्लेखित दरमा घर जग्गा बहाल कर लगाई असुल उपर गरिनेछ ।

**५.व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची

(४) उल्लेखितदरमा व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

**६. जडिवुटि, कवाडी र जिवजन्तु करः** गाउँपालिका । नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसुचि ५ वमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

**७.सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) उल्लेखित दरमा सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिमको दरमा विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९.मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) मा उल्लेखित  दरमा कर लगाई असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०.बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेका हाट बजार, र गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका वा गरिने पसल व्यवसायीहरुबाट अनुसूची (९) मा उल्लेखित दरमा शुल्क लगाई असुल उपर गरिनेछ ।

**११.पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ् सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) मा उल्लेखित दरमा पार्किङ् शुल्क लागाई असुल उपर गरिनेछ ।

**१२.ट्रेकिङ् कोयोकिङ, क्यानोइङ् , बन्जी जम्पिङ् , जिपफ्लायर र ¥याफ्टिङ् शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ् कोयोकिङ, क्यानोइङ् , बन्जी जम्पिङ् , जिपफ्लायर र ¥याफ्टिङ् सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (११) मा उल्लेखित दरमा शुल्क लगाई असुल उपर गरिनेछ ।

**१३.सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन, गरेका अनुसूची (१२) मा उल्लेखित दरमा स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवाको प्रकृतिको आधारमा सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

**१४.करमा छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५.कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१

(ऐनको दफा २ सँग सम्वन्धित)

**गाउँ कार्यपालिकाबाट लगाईने सम्पत्ति करको दरः**

| | | |
|---|---|---|
| **घर जग्गा कर(बार्षिक)** | कच्चि घरको घरकर ( प्रति धुरी) | ५० |
| | ढुङगा, जस्तापाता टायलको छाना भएको घर ( प्रति धुरी) | १०० |
| | पक्किघर प्रति तला | २०० |

अनुसूची -२

(ऐनको दफा ३ सँग सम्वन्धित)

**गाउँपालिकाबाट लिईने भूमिकर (मालपोत) को दरः(प्रति रोपनी)**

| वर्गीकरण | अब्बल |
|---|---|
| गाडी वाटोले छोएको | १०/– |
| अन्य खेतियोग्य जग्गा | ५/– |
| पाखो जग्गा | ५/– |

अनुसूची -३

(ऐनको दफा ४ सँग सम्वन्धित)

**गाउँपालिकाबाट लिईने घर बहाल करको दरः**

| | | |
|---|---|---|
| **बहाल कर ( पटके)** | गाउँपालिका क्षेत्रभित्रको घर,पसल,ग्यारेज,गोदाम,टहरा,शेड( छप्पर),कारखाना,जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको | १०% |
| | गाउँपालिका हल - प्रति दिन | ५००।- |

अनुसूची-४

ऐनको दफा ५ सँग सम्वन्धित)

**गाउँपालिकाबाट लिईने व्यवसाय करको दर बार्षिक दरः**

| | | |
|---|---|---|
| व्यवसाय कर | ठूला उद्योग सिफारिस | ५००० |
| | मझौला उद्योग सिफारिस | २५०० |
| | साना तथा घरेलु उद्योग | १५०० |
| | व्यवसाय बन्द तथा नाम परिवर्तन | ५०० |
| | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | १००० |
| | मदिरा व्यवसाय सिफारिस (थोक) | २००० |
| | औसधी पसल दर्ता | १५०० |
| | औसधी पसल नविकरण | १००० |
| | पर्यटन स्तरीय होटल सिफारिस | २००० |
| | होटल दर्ताको सिफारिस | १००० |
| | निजी वैंक स्थापना अनुमति सिफारिस | ६००० |
| | उद्योग नामसारी ठूलो | २००० |
| | उद्योग नामसारी मझौला | १५०० |
| | उद्योग नामसारी सानो | १००० |
| | डोको डाला लगायतका चोया बाट  वनेका सामान - प्रति गोटा | ०१ |
| | व्यवसाय दर्ता रु ५ लाख सम्म | १००० |
| | व्यवसाय दर्ता रु ५ लाख भन्दा माथि | १५०० |
| | उद्योग दर्ता (५ देखि २० हर्ष पावर सम्म) | ७०० |
| | उद्योग दर्ता (२० हर्ष पावर भन्दा माथि) | १५०० |
| | स मिल काठ चिरानी दर्ता | ४००० |
| | फर्निचर उद्योग दर्ता | २००० |
| | डेरी उद्योग दर्ता | १००० |
| | फर्निचर पसल दर्ता | १००० |
| | निर्माण व्यवसाय दर्ता | २५०० |
| | परामर्श सेवा दर्ता | १५०० |
| | पोल्टी फर्म दर्ता | १५०० |
| | कुटानी पिसानी मिल सिफारिस एवं विक्री | १५०० |
| | स मिल काठचिरानी सिफारिस | १५०० |
| | नयाँ घट्ट दर्ता | २००० |
| | ३ महिना सम्म संचालन हुने घट्ट | १५० |
| | ६ महिना सम्म संचालन हुने घट्ट | २५० |
| | १२ महिना संचालन हुन घट्ट | ३०० |
| | विद्युतबाट चल्ने घट्ट दर्ता | २००० |
| | २० किलोवाट सम्म सिफारिस | १००० |
| | २० किलोवाट देखि १०० किलोवाट सम्म सिफारिस | २००० |
| | १०० किलोवाट देखि १ मेघावाट सम्म सिफारिस | ५००० |
| | २० किलोवाट सम्म नविकरण | १५०० |
| | २० किलोवाट देखि १०० किलोवाट सम्म नविकरण | २५०० |
| | १०० किलोवाट देखि १ मेघावाट सम्म नविकरण | ४००० |
| | २० किलोवाट सम्म दर्ता | २००० |
| | २० किलोवाट देखि १०० किलोवाट सम्म दर्ता | ४००० |
| | १०० किलोवाट देखि १ मेघावाट सम्म दर्ता | १०००० |
| | | |

अनुसूची-५

(ऐनको दफा ६ सँग सम्वन्धित)

**गाउँपालिकाले लिने जडिवुटी कवाडी र जीवजन्तुकर**

| | | |
|---|---|---|
| १ | अँलौची | १० प्रति केजी |
| २ | चिराइतो | २ प्रति केजी |
| ३ | अदुवा | १ प्रति केजी |
| ४ | सतुवा | १०० प्रति केजी |
| ५ | टिम्बुर | २ प्रति केजी |
| ६ | बिष | ५ प्रति केजी |
| ७ | पाँच औले | १ प्रति केजी |
| ८ | पाखन भेद | ५ प्रति केजी |
| ९ | ठुलो ओखती | ५ प्रति केजी |
| १० | अल्लो | ५ प्रति केजी |
| ११ | लोक्ता | ५ प्रति केजी |
| १२ | लोठ सल्ला | ५ प्रति केजी |
| १३ | खच्चड | १०० प्रति ओटा |
| १४ | खच्चड (पटके) | ५ (दर्ता नभएकाहरुको हकमा) |
| १५ | चौपाया निकासी दस्तुर प्रति गोटा | १० |

अनुसूची-६

(ऐनको दफा ७ सँग सम्वन्धित)

**गाउँपालिकाले लिने सवारी साधन करको बार्षिक दरः**

| | | | |
|---|---|---|---|
| १ | मोटर साइकल | प्रति साधन | २०० |
| २ | चार पाग्रे हल्का | प्रति साधन | ५०० |
| ३ | चार पाग्रे हेभी | प्रति साधन | १००० |
| ४ | पटके सवारी कर हल्का | प्रति साधन | २० |
| ५ | पटके सवारी कर हेभी | प्रति साधन | ५० |

अनुसूची-७

(ऐनको दफा ८ सँग सम्वन्धित)

**गाउँपलिकाले लिने विज्ञापन करको दर:**

| | विवरण | प्रति वर्ग फिट दर | |
|---|---|---|---|
| | | पटके | बार्षिक |
| **विज्ञापन कर** | **मादक पदार्थ र सूर्तिजन्य वस्तुहरुको:** क) होडिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | २०।- | ५०।- |
| | ख) भित्ते लेखन | २०।- | २५।- |
| | ग) तुल व्यानरमा लेखाई | २०।- | २५।- |
| | **होटल तथा व्यापार व्यवसाय तथा सवारी साधनको प्रवर्द्धन सम्वन्धी:** क) होडिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | १५।- | ४०।- |
| | ख) भित्ते लेखन | १५।- | २०।- |
| | ग) तुल व्यानरमा लेखाई | १५।- | २०।- |

अनुसूची-८

(ऐनको दफा ९ सँग सम्वन्धित)

**गाउँपलिकाले लिने मनोरञ्जन करको दर:**

| | दर्ता | नविकरण |
|---|---|---|
| पुल हाउस | ५००० | ३००० |
| भिडियो | ५००० | |

अनुसूची-९

(ऐनको दफा १० सँग सम्वन्धित)

**गाउँपलिकाले लिने वहाल विटौरी शुल्कको दर:**

| | | |
|---|---|---|
| **बहाल कर (पटके)** | गाउँपालिका क्षेत्रमा निर्माण,रेखदेख वा सञ्चालन गरेको हाट बजार | १५०० |
| | सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत मासिक बहाल विटौरी कर | १०० |

अनुसूची-१०

(ऐनको दफा ११सँग सम्वन्धित)

**गाउँपलिकाले लिने पार्किङ् शुल्कको दर:**

| | | |
|---|---|---|
| **पार्किङ् शुल्क (पटके)** | गाउँपालिकाले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ् गरिएका बस,मिनिवस,ट्रक, ट्रयाक्टरमा पर्किङ गर्ने समयको आधारमा एक पटकमा | १० |

अनुसूची-११

(ऐनको दफा १२सँग सम्वन्धित)

**ट्रेकिङ् , कोयोकिङ् , क्यानोइङ् , बञ्जी जम्पिङ् , जिप फ्लायर, ग्लाईडिङ्, सञ्चलानमा आएमा गाउँ सभाको निर्णय बमोजिम**

अनुसूची - १२

(ऐनको दफा १३ सँग सम्वन्धित)

**गाउँ कार्यपालिका वा वडाबाट उपलब्ध गराईने प्रमाणित तथा सिफारिस वापतको सेवा शुल्कको दरः**

| क्र.सं. | प्रमाणित तथा सिफारिसको किसिम | इकाई | शुल्क दर |
|---|---|---|---|
| १. | निवेदन दुस्तुर | | २०/- |
| २. | नाता प्रमाणित स्वदेश प्रयोजन | प्रति सिफारिस | २००/- |
| ३. | नाता प्रमाणित विदेश प्रयोजन | प्रति सिफारिस | ५००/- |
| ४. | नागरिकता सफारिस | प्रति सिफारिस | १५०/- |
| ५. | नागरिकताको प्रतिलिपि लिने सिफारिस | प्रति सिफारिस | २५०/- |
| ६. | अगीकृत नागरिकता सफारिस | प्रति सिफारिस | ५००/- |
| ७. | नाताकायम सिफारिस | प्रति सिफारिस | २००/- |
| ८. | परिवारिक विवरण सिफरिस | प्रति सिफारिस | २००/- |
| ९. | वसोवास प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| १०. | नावालक सिफारिस | प्रति सिफारिस | २००/- |
| ११. | जन्म मिति प्रमाणीत सिफारिस | प्रति सिफारिस | २००/- |
| १२. | वैवाहिक समन्ध प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| १३. | अविवाहित प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| १४. | चरित्रिक प्रमाणित सिफारिस | प्रति सिफारिस | ३००/- |
| १५. | समन्ध विच्छेद प्रमाणित सिफारिस | प्रति सिफारिस | ५००/- |
| १६. | नामथर जन्ममिति प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| १७. | जिवित रहेको प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| १८. | संरक्षक प्रमाणित | प्रति सिफारिस | २००/- |
| १९. | संस्थागत संरक्षक प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| २०. | व्याक्तिगत संरक्षक प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| २१. | ह्कवाला वा हकदार प्रमाणित सिफारिस | प्रति सिफारिस | २००/- |
| २२. | जग्गाको हक समन्धी सिफारिस | प्रति सिफारिस | ५००/- |
| २३. | पलन पोषण सिफारिस | प्रति सिफारिस | २००/- |
| २४. | निशुल्क स्वास्थय उपचार सिफारिस | | निशुल्क |
| २५. | आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित | | निशुल्क |
| | आर्थिक अवस्था वलियो प्रमाणित | प्रति सिफारिस | ५००/- |
| २६. | स शुल्क उपचार सिफारिस | प्रति सिफारिस | २००/- |
| २७. | आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा अंग्रजीभाषामा सिफारिस तथा प्रमाणित | प्रति सिफारिस | ५००/- |
| २८. | खनेपानी टेलिफोन जडान नामसारी, ठाउँसारी | प्रति सिफारिस | ३००/- |
| २९. | विधुत जडान (घरायसी) | प्रति सिफारिस | ३००/- |
| ३०. | विधुत जडान (उधोग) | प्रति सिफारिस | १०००/- |
| ३१. | वडा सरजिमिन | प्रति सिफारिस | ५००/- |
| ३२. | प्लटिङ इजाजत प्रति रोपनी | प्रति सिफारिस | २०००/- |
| ३३. | पेन्सन सिफारिस | प्रति सिफारिस | ५००/- |
| ३४. | जग्गा धनिपुर्जा प्रतिलीपी सिफरिस | प्रति सिफारिस | २००/- |
| ३५. | नगरिकता वाहेकको मुचुल्का सिफारिस | प्रति सिफारिस | २००/- |
| ३६. | पटके सिफारिस | प्रति सिफारिस | २००/- |

| | | | |
|---|---|---|---|
| ३७. | घरपाताल प्रमाणित | प्रति सिफारिस | २००/- |
| ३८. | घरकायम सिफारिस | प्रति सिफारिस | ५००/- |
| ३९. | संघ संस्था सिफारिस | प्रति सिफारिस | १५००/- |
| ४०. | संघ संस्था नविकरण | प्रति सिफारिस | १०००/- |
| ४१. | नक्सापास किताव | प्रति सिफारिस | ५००/- |
| ४२. | घर जग्गा (बार्षिक आम्दानी खुलेको) सिफारिस<br>➢ बार्षिक वीस लाखसम्म आम्दानी खुलेको<br>➢ थप प्रतिलाख | प्रति सिफारिस<br>” | २०००/-<br>५०/- |
| ४३. | मिलापत्रको कागज गराउने निवेदन दर्ता | प्रति सिफारिस | ५०/- |
| ४४. | जग्गा रजिस्टेसन सिफारिस | प्रति सिफारिस | ५००/- |
| ४५. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | प्रति सिफारिस | ३००/- |
| ४६. | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | प्रति सिफारिस | १५०/- |
| ४७. | उजुरी नीवेदन दस्तुर | प्रति सिफारिस | १००/- |
| ४८. | मिलापत्र दस्तुर | प्रति सिफारिस | ३००/- |
| ४९. | जग्गा दर्ता र नामसारी सिफारिस ५ रोपनी सम्म | प्रति सिफारिस | ३५०/- |
| ५०. | थप प्रति रोपनी | प्रति सिफारिस | २०/- |
| ५१. | राजिनामा वकसपत्र सिफारिस | प्रति सिफारिस | ५००/- |
| ५२. | अंसवण्डा सिफारिस | प्रति सिफारिस | २५०/- |
| ५३. | नाम सच्याई सर्जमिन | प्रति सिफारिस | ५००/- |
| ५४. | अमिन खटन दस्तुर प्रति | प्रति कित्ता | १०००/- |
| ५५. | घर नक्सा नामसारी | | ७००/- |
| ५६. | विद्यालय खोल्ने सिफारिस निजी विद्यालय<br>➢ शिशु कक्षा सञ्चालन<br>➢ आधारभुत स्तर<br>➢ माध्यामिक स्तर | प्रति सिफारिस<br>” | ३०००/-<br>३५००/-<br>४०००/- |
| ५७. | विद्यालय खोल्ने सिफारिस सामुदायिक विद्यालय<br>➢ शिशु कक्षा सञ्चालन<br>➢ आधारभुत स्तर<br>➢ माध्यामिक स्तर | प्रति सिफारिस<br>” | १००/-<br>३००/-<br>५००/- |
| ५८. | कक्षा वृदी सिफारिस सामुदायिक विद्यालय<br>➢ आधारभुत स्तर<br>➢ माध्यामिक स्तर<br>➢ क्याम्पस स्तर | प्रति सिफारिस<br>” | ५००/-<br>१०००/-<br>१५००/- |
| ५९. | कक्षा वृदी सिफारिस निजी विद्यालय<br>➢ आधारभुत स्तर<br>➢ माध्यामिक स्तर<br>➢ क्याम्पस स्तर | प्रति सिफारिस<br>” | २५००/-<br>३०००/-<br>३५००/- |
| ६०. | मुद्धा दर्ता शुल्क/लिखित जवाफ पेश गरेको शुल्क | प्रतिनिवेदन | १००/- |
| ६१. | कृषक समुह , पशु समुह दर्ता शुल्क | | १००० |
| ६२. | कृषक समुह , पशु समुर्ह नविकरण शुल्क | | ५०० |
| ६३. | कच्ची घरको RCC बाहेक एकमुष्ट नक्सापास दस्तुर | | १००० |
| ६४. | RCC को लागि (स्थानहरु तोक्ने), तथा सडक तथा बजार क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला नक्सापास दस्तुर | | १० |

| | | | |
|---|---|---|---|
| ६५. | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला (अन्य क्षेत्रमा) | | ७ |
| ६६. | RCC को लागि (स्थानहरु तोक्ने) र सडक तथा बजार क्षेत्रमा पर्नेको प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेको नक्सापास दस्तुर | | २० |
| ६७. | RCC को लागि प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेका (अन्य क्षेत्रमा) नक्सापास दस्तुर | | १५ |

## अन्यकर तथा शुल्कहरु

| योजना तथा कार्यक्रम सम्झौता सेवाशुल्क | | | |
|---|---|---|---|
| क्र स | अनुमानित लागत | सरकारी | निजि |
| १ | १ लाख सम्म | १०० | १५० |
| २ | १ लाख देखी २ लाख सम्म | २०० | ५०० |
| ३ | २ लाख देखि ५ लाख सम्म | ५०० | ७५० |
| ४ | ६ लाख देखि १० लाख सम्म | १००० | १५०० |
| ५ | ११ लाख देखि २० लाख सम्म | २००० | ३००० |
| ६ | २१ लाख देखि ३० लाख सम्म | ३००० | ४५०० |
| ७ | ३१ लाख देखि ४० लाख सम्म | ४००० | ६००० |
| ८ | ४१ लाख देखि ५० लाख सम्म | ५००० | ७५०० |
| ९ | ५१ लाख देखि ६० लाख सम्म | ६००० | ९००० |
| १० | ६१ लाख देखि १ करोड सम्म | १०००० | १५००० |
| ११ | १ करोड देखि १ करोड ५० लाख सम्म | १५००० | २२५०० |
| १२ | १करोड ५० लाख भन्दा माथि | २०००० | ३०००० |